हिमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेतु, जुम्ला

कर्णाली प्रदेश, नेपाल

प.स.०८०/०८१ मिति: २०८०/१०/२९

च.नं. ४६६

श्री वडा कार्यालय सवै।

हिमा गाउँपालिका जुम्ला ।

विषयः-बेरोजगार ब्यक्ति सूचिकरण हुने सम्वन्धि सूचना ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्वन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धि नियमावली २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिकाको दफा १८ बमोजिम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आ.ब. २०८१/०८२ का लागि यस हिमा गाउँपालिका रोजगार सेवा केन्द्रबाट संचालन हुने सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुन चाहने १८ बर्ष देखी ५९ बर्ष उमेर समूहका वेरोजगार व्यक्तिहरुले सम्वन्धित स्थानीय तहको वडा कार्यालयमा साथै रोजगार सेवा केन्द्रमा निवेदन दिन सक्ने समयावधि तथा तत्सम्वन्धि अन्य जानकारी तपशिल बमोजिम कायम गरिएको हूँदा तोकिएको समय भित्र आफ्नो वडा कार्यालयमा गई रितपूर्वक फारम भर्न हुन सम्वन्धित सबैमा सूचित गरिन्छ, साथै वडा कार्यालयले आवश्यक सहजीकरण गरि तोकिएको मिति भित्र फारम भरि स्थानीय तहमा वुझाउन हुन आदेशानुसार अनुरोध छ ।

तपशिल :

१) फारम भर्नु पर्ने समयावधि २०८० फाल्गुन १ गते देखी फाल्गुन ३० गते सम्म सम्वन्धित वडा कार्यालयमा गएर फारम भर्ने ।

२) निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

क) निवेदक साथ परिवारका सम्पूर्ण सदस्यको विवरण/ना.प्र.न. जम्म मिति, जारी मिति ।

ख) निवेदकको नागरिकता प्रतिलिपी १ थान अनिवार्य साथै अन्य सदस्यको ना.प्र.नं. जारी मिति ।

ग) निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्विकृत लिई रोजगारीमा जान नपाएको ब्यक्ति भए सो ब्यहोरा खुल्ने कागाजत थान १ ।

घ) अपाङ्गता भएको भए अपाङ्गता परिचयपत्रको प्रतिलिपी थान १ ।

३) परिवारको सम्पूर्ण सदस्यको नाम, जन्ममिति, निवेदक सँगको नाता वार्षिक आम्दानी अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४) फाराम सम्वन्धित वडा कार्यालयमा वा प्रधानमन्त्री रोगजार कार्यक्रमको वेवसाईट वा रोजगार सेवा केन्द्रमा उपलब्ध हुनेछ ।

५) यस अघि फारम भरी रोजगार व्यवस्थापन सूचना प्रमाणीमा सूचिकृत वेरोजगार व्यक्तिहरुले सक्कल नागरिकताको साथ सम्वन्धित स्थानिय तहमा वा वडा कार्यालयमा नविकरणको लागी निवेदन दिनु पर्नेछ

६) ऐन, नियम र नियमावलीको, निर्देशिका र कार्यविधिको परिधि भित्र रही फारम भर्नु पर्नेछ ।

७) अपूर्ण फारम स्वत रद्ध गरिनेछ ।

पूर्ण बहादुर शाही
रोजगार संयोजक

(नरिसहं थापा)
नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं.९८५८३२०४३८ ईमेल:ito.himamun@gmail.com वेव पेज:http://www.himamun.gov.np